मितिः २०८२/१२/२९
समयः बिहान ८.०० बजे
स्थानः नागार्जुन नगरपालिका

नागार्जुन नगरपालिकाका कार्यवाहक नगर प्रमुख श्री सुशिला अधिकारीज्यूको अध्यक्षतामा यस नगरपालिका नगर कार्यपालिकाको नियमित बैठक तपसिलमा उल्लेखित पदाधिकारीहरुको उपस्थितिमा बसी देहायको निर्णय गरियो । तपसिलः-

| सि.नं | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री सुशिला अधिकारी | कार्यवाहक नगर प्रमुख | |
| २ | श्री महेश रिमाल | प्रवक्ता एवम् वडा अध्यक्ष, वडा नं ५ | |
| ३ | श्री रामेश्वर लामा | वडा अध्यक्ष, वडा नं १ | |
| ४ | श्री थुमराज के.सी | वडा अध्यक्ष, वडा नं २ | |
| ५ | श्री उमेश लामा | वडा अध्यक्ष, वडा नं ३ | |
| ६ | श्री लक्ष्मीराम शर्मा पौडेल | वडा अध्यक्ष, वडा नं ४ | |
| ७ | श्री देवेन्द्रराज गिरी | वडा अध्यक्ष, वडा नं ६ | |
| ८ | श्री शैलेन्द्र लामा | वडा अध्यक्ष, वडा नं ७ | |
| ९ | श्री सुरज कुमार पोखरेल | वडा अध्यक्ष, वडा नं ८ | |
| १० | श्री रामकृष्ण भट्टराई | वडा अध्यक्ष, वडा नं ९ | |
| ११ | श्री सुन्दर बहादुर के.सी. | वडा अध्यक्ष, वडा नं १० | |
| १२ | श्री शोभा नेपाली | नगरकार्यपालिका सदस्य | |
| १३ | श्री इशु खड्का | नगरकार्यपालिका सदस्य | |
| १४ | श्री कल्पना बसेल | नगरकार्यपालिका सदस्य | कल्पना |
| १५ | श्री हम्जुला राई वि.क. | नगरकार्यपालिका सदस्य | |
| १६ | श्री चन्दा सुनार | नगरकार्यपालिका सदस्य | |
| १७ | श्री अम्विका सुनचिउरी गजमेर | नगरकार्यपालिका सदस्य | Ambika |
| १८ | श्री रमेश बसेल | नगरकार्यपालिका सदस्य | |
| १९ | श्री गणेश प्रसाद अर्याल | प्रमुख प्रशासकीय अधिकृत एवम् सदस्य सचिव | |

आमन्त्रित कर्मचारीः-

| सि.नं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री कृष्ण बहादुर कुँवर | अधिकृत दशौं (उपसचिव) | [signature] |
| २ | श्री सुनिल आचार्य | वरिष्ठ शाखा अधिकृत | [signature] |
| ३ | श्री आनन्द कुमार खड्का | वरिष्ठ लेखा अधिकृत | |
| ४ | श्री कञ्चन खनाल | प्राविधिक शाखा प्रमुख | [signature] |
| ५ | श्री बिमोचन भण्डारी | वरिष्ठ इञ्जिनियर | [signature] |
| ६ | श्री सन्दीप गिरी | इञ्जिनियर | [signature] |
| ७ | श्री रोशन पोखरेल | सहायक कम्प्यूटर अधिकृत | [signature] |
| ८ | श्री सागर खत्री | कम्प्युटर अपरेटर | [signature] |

प्रस्तावः-

१. बाहौं नगर सभामा पेश हुने कार्यसूची सम्बन्धमा ।

२. विविध

## निर्णयहरू:

**निर्णय नं. १**

मिति २०८२/१२/२२ गते बसेको नगर कार्यपालिकाको बैठकको निर्णयहरू कार्यान्वयनको सम्बन्धमा समिक्षा गरियो ।

**निर्णय नं. २**

नागार्जुन नगरपालिकाको नगर सभाको बाह्रौं अधिवेशनमा पेश हुने कार्य सूची स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

नागार्जुन नगरपालिकाको एघारौं नगर सभा पश्चात् चालु आ.व. २०८२/०८३ को श्रावण महिना देखि २०८२ चैत्र २९ गते सम्म भएका नगर कार्यपालिकाको निर्णय, नगर प्रमुखस्तरबाट भएका निर्णय, नगर कार्यपालिकाको कार्यालयबाट भएको सम्पूर्ण आम्दानी, खर्च, रकमान्तर तथा योजना तथा कार्यक्रमहरूको म्याद थप लगायत सोसँग सम्बन्धित सवै नीति तथा निर्णयहरूलाई अनुमोदन गर्न नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

नागार्जुन नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को लागि जग्गाको खरिद बिक्रीमा रजिष्ट्रेशन प्रयोजनको लागि न्यूनतम मूल्यांकन तोक्ने मिति २०८२ साल असार २५ गते भएको निर्णयमा यस नगरपालिकाको त्रुटीपूर्ण सिफारीसका कारण कायम भएको न्यूनतम मूल्यांकनले तपसिल बमोजिमका क्षेत्रमा सम्पत्ति कर तथा रजिष्ट्रेशन दस्तुरमा प्रत्यक्ष प्रभाव परी नागरिकहरूबाट ठुलो गुनासो आएको सन्दर्भमा यस नगरपालिकाको मिति २०८२/०७/१६ गतेको पत्रबाट मालपोत कार्यालय, कलंकीलाई जग्गाको न्यूनतम मालपोत मूल्यांकन संशोधन गर्नको लागि नगर प्रमुखस्तरबाट भएको निम्न बमोजिमको निर्णय अनुमोदन गर्न नगर सभामा पेश गर्ने निर्णय गरियो ।

तपसिलः-

| क. नागार्जुन न.पा. (साविक स्युचाटार गा.वि.स.) | | | | |
|---|---|---|---|---|
| सि.नं. | विवरण | प्रति आना रु ०८१/८२ | प्रति आना रु ०८२/८३ | प्रति आना रु ०८२/८३ को हुनुपर्ने (प्रस्तावित) |
| १ | स्यूचाटार हालको वडा नं. ९ र १० मुल सडक | १५००००० | १८००००० | १७००००० |
| २ | पक्की सडक | १२००००० | १५००००० | १४००००० |
| ३ | कच्ची सडक | ६५०००० | १०००००० | ८००००० |
| ४ | गोरेटो बाटो | ४००००० | ६००००० | ५००००० |
| ५ | बाटो नभएको | २००००० | ३००००० | २५०००० |

अनुसूची - १

दफा २६ को उपदफा ७ सँग सम्बन्धित

# नागार्जुन नगर कार्यपालिका

## बाह्रौं नगर सभा

## कार्यसूची र समय तालिका

निर्णय नं. २ सँग सम्बन्धित

बैठक सङ्ख्याः

बैठक स्थानः नागार्जुन नगरपालिका

अध्यक्षताः का.वा. नगर प्रमुख श्री सुशिला अधिकारी

| मिति | बैठक बस्ने समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २०८२/१२/२९ | ११.०० बजे | शुभारम्भ | नगर सभाको सचिव एवम् प्रमुख प्रशासकीय अधिकृत श्री गणेश प्रसाद अर्यालज्यू बाट | |
| | ११.१५ बजे | नगर सभा सदस्यद्वारा सभालाई सम्बोधन | | |
| | | **बन्द सत्र प्रारम्भ** | | |
| | १२.३० बजे | आ.व. २०८२/०८३ को श्रावण महिना देखि २०८२ चैत्र २९ गते सम्म भएका सम्पूर्ण निर्णय, आम्दानी, खर्च रकमान्तर तथा योजना तथा कार्यक्रमहरूको म्याद थप लगायत सोसँग सम्बन्धित सबै नीति तथा निर्णयहरूलाई अनुमोदन | | |
| | १२.४५ बजे | नागार्जुन नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को लागि जग्गाको खरिद बिक्रीमा रजिष्ट्रेशन प्रयोजनको लागि संशोधन भएका न्यूनतम मालपोत मूल्यांकन अनुमोदन गर्ने | | |
| | १.०० बजे | नागार्जुन नगरपालिकाको एघारौं नगर सभाबाट स्वीकृत भएका संलग्न म.ले.प.फाराम नं. ३०४ बमोजिमका (सूची बेग्लै रहेको) योजना तथा कार्यक्रमहरू रकमान्तर सम्बन्धमा | | |
| | १.१५ बजे | नागार्जुन नगरपालिकाको आ.व. २०८३/०८४ को लागि अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १८ को प्रयोजनार्थ राजश्व परामर्श समितिबाट प्रस्तावित अनुमानित आय व्यय प्रक्षेपण अनुमोदन सम्बन्धमा | | |
| | १.३० बजे | नागार्जुन नगरपालिकाको विभिन्न ऐनहरू पारित गर्ने सम्बन्धमा | | |
| | १.४५ बजे | नागार्जुन नगरपालिकाको न्यायीक समितिमा आ.व. २०८२/०८३ को श्रावण महिना देखि चैत्र २७ गतेसम्म परेका उजुरी तथा फछ्यौंटका सम्बन्धमा पेश भएको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा | | |
| | २.०० बजे | नागार्जुन नगरपालिकाको आ.व. २०८२/०८३ मा स्वीकृत वार्षिक योजना तथा कार्यक्रमहरू उपभोक्ता समिति तथा ठेक्का प्रक्रिया मार्फत सञ्चालन भई हालसम्म सम्पन्न भएका आयोजनाहरूको पेश भएका प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा | | |
| | २.१५ बजे | नगर सभा तयारीमा खटिने कर्मचारीहरूलाई नगर सभा तयारी भत्ता उपलब्ध गराउने सम्बन्धमा | | |
| | २.३० बजे | ६० वर्ष उमेर पुरा भएका स्वास्थ्य स्वयं सेविकाकाहरूलाई प्रोत्साहन सहित सम्मानजनक बिदाई गर्नको लागि कानून तर्जुमा सम्बन्धमा | | |
| | २.४५ बजे | नागार्जुन नगरपालिकाको नवौं नगर सभाबाट स्वीकृत भएको नागार्जुन नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण प्रतिवेदन, २०८१ परिमार्जन सम्बन्धमा | | |
| | ३.०० बजे | यस नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को लेखा परिक्षणको प्रारम्भिक प्रतिवेदनबाट कायम हुन आएको नियमित गर्ने बेरूजु रकम नियमित गर्ने सम्बन्धमा | | |
| | ३.१५ बजे | नागार्जुन नगरपालिकामा विगत देखि दैनिक ज्यालादारीमा कार्यरत रहँदै आएका कार्यालय सहयोगीलाई करार सेवामा नियुक्ति गर्नको लागि संगठन तथा व्यवस्थापन सर्भेक्षण प्रतिवेदन, २०८१ मा संशोधन गरी आवश्यक थप प्रक्रिया अगाडि बढाउने | | |
| | ३.३० बजे | नागार्जुन नगरपालिकाको शान्ती सुरक्षालाई व्यवस्थित गर्न सार्वजनिक सम्पत्तीको संरक्षण गर्न र कानूनले तोकेका अन्य कार्य गर्नको लागि नगर प्रहरीको संख्या पद थप सम्बन्धमा | | |

| मिति | बैठक बस्ने समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
| --- | --- | --- | --- | --- |
| | ३.४५ बजे | नागार्जुन नगर अस्पतालमा ल्याव र एक्स रे मा कार्यरत कर्मचारीहरूलाई प्रचलित कानूनमा भएको व्यवस्था बमोजिमको जोखिम भत्ता भुक्तानी सम्बन्धमा | | |
| | ४.०० बजे | नागार्जुन नगरपालिकाको नवौं नगर सभाले स्वीकृत गरेको संगठन तथा व्यवस्थापन सर्भेक्षण प्रतिवेदन, २०८१ लाई आवश्यक परिमार्जन सहित स्वीकृत गरी बागमती प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, हेटौंडामा स्वीकृतार्थ पठाउने सम्बन्धमा | | |
| | ४.१५ बजे | यस नगरपालिका हुँदै जाने सितापाईला - धार्के राजमार्गको Right of Way ६२ मिटर कायम हुँदा यस क्षेत्रमा पर्ने अधिकांश घर तथा जग्गा पर्न गई नगरवासी घरबार विहिन सम्म हुने अवस्था आउन सक्ने देखिएकाले हाल नगरपालिकाले २२ मिटर क्षेत्राधिकार भित्र घर नक्शा पास गरिरहेको र सो क्षेत्राधिकार भित्र पर्ने घर तथा जग्गाको मुआब्जा समेतको व्यवस्था हुने गरी वैकल्पिक मार्गको रूपमा २२ मिटर क्षेत्राधिकार कायम गर्न सम्बन्धमा | | |
| | ४.३० बजे | नगर सभाका सभाध्यक्ष मार्फत सभा बिर्सजन | | |

निर्णय नं. ६

नागार्जुन नगरपालिकाको आ.व. २०८३/०८४ को लागि अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १८ को प्रयोजनार्थ राजश्व परामर्श समितिको मिति २०८१/०९/२० मा भएको निर्णय बमोजिम सिफारीस भएको आगामी आ.व. २०८३/०८४ को लागि प्रस्तावित निम्न बमोजिमको अनुमानित आय व्यय प्रक्षेपण मिति २०८२ साल पौष मसान्त भित्र नै श्री अर्थ मन्त्रालय एवम् राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगमा पठाईएकोले उक्त निर्णयलाई अनुमोदन गर्न नगर सभामा पेश गर्ने निर्णय गरियो ।

## नागार्जुन नगरपालिकाको अनुमानित आय प्रक्षेपण:-

| सि.न. | शिर्षक | स्रोत | आ.व. २०८२/८३ | आ.व. २०८३/८४ | आ.व. २०८४/८५ | आ.व. २०८५/८६ |
|---|---|---|---|---|---|---|
| १ | वित्तिय समानीकरण अनुदान | संघीय सरकार | ११९१५००००० | २१०६५०००० | २३१७१५००० | २५४८८६५०० |
| २ | सशर्त अनुदान | संघीय सरकार | ३४५७००००० | ३८०२७०००० | ४१८२९७००० | ४६०१२६७०० |
| ३ | समपुरक अनुदान | संघीय सरकार | ३३९००००० | ३७२९०००० | ४१०१९००० | ४५१२०९०० |
| ४ | विशेष अनुदान | संघीय सरकार | ३०३००००० | ३३३३०००० | ३६६६३००० | ४०३२९३०० |
| ५ | वित्तिय समानीकरण अनुदान | प्रदेश सरकार | १९८८८००० | २१८७६८०० | २४०६४४८० | २६४७०९२८ |
| ६ | सशर्त अनुदान | प्रदेश सरकार | ८८६८७००० | ९७५५५७०० | १०७३११२७० | ११८०४२३९७ |
| ७ | समपुरक अनुदान | प्रदेश सरकार | १८०००००० | १९८००००० | २१७८०००० | २३३५८००० |
| ८ | विशेष अनुदान | प्रदेश सरकार | ६५००००० | ७१५०००० | ७८६५००० | ८६५१५०० |
| ८ | घरजग्गा रजिष्ट्रेशन दस्तुर (मालपोत) | प्रदेश सरकार | ८०००००००० | ६५००००००० | ७१५०००००० | ७८६५००००० |
| ९ | राजस्व बाँडफाँड (मु.अ.कर. र अन्त शुल्क समेत) | संघीय सरकार | १२६९००००० | १३९५९०००० | १५३५४९००० | १६८९०३९०० |
| १० | राजस्व बाँडफाँड (सवारी साधन कर ) | प्रदेश सरकार | ५२९२४००० | ५८२१६४०० | ६४०३८०४० | ७०४४१८४४ |
| ११ | आन्तरिक स्रोत | नागार्जुन नगरपालिका | ५५७८६९००० | ५९००००००० | ६६००००००० | ७२६०००००० |
| १२ | जि.स.स. खानेपानी अनुदान | जि.स.स. काठमाडौं | २००००००० | | | |
| १३ | लागत सहभागिता | जनसहभागिता | ५०००००० | ५०००००० | ५५००००० | ६०००००० |
| १४ | अनुमानित बैंक मौज्दात | | १००००००००० | १५००००००० | १००००००००० | ११०००००००० |
| | | जम्मा | २३९७१६८००० | २४००७२८९०० | २५८६८०१७९० | २८४५४३१९६९ |

## नागार्जुन नगरपालिकाको आ.व. २०८३/०८४ को अनुमानित व्यय प्रक्षेपण:-

| सि.न. | क्षेत्र/ उपक्षेत्र | विनियोजन | कैफियत |
|---|---|---|---|
| १ | आर्थिक विकास | २७,८०,५३,९९९ | |
| २ | सामाजिक विकास | ५४,२४,१८,८२५ | |
| ३ | पूर्वाधार विकास | १,०९,५९,०८,८६४ | |
| ४ | सुशासन तथा अन्तराष्ट्रिय क्षेत्र | १०,९३,२९,०१२ | |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासन खर्च | ३७,५०,१८,२०० | |
| | जम्मा | २,४०,०७,२८,९०० | |

निर्णय नं. ७

नागार्जुन नगरपालिकामा चालु आर्थिक वर्ष भित्रमा तपसिल बमोजिमका ऐनहरु तर्जुमा तथा पारित गर्न नगर सभामा पेश गर्ने निर्णय गरियो । तपसिलः

| सि.नं. | कानूनको नाम | कैफियत |
|---|---|---|
| १. | नागार्जुन नगरपालिका फोहरमैला व्यवस्थापन ऐन, २०८२ | |
| २. | नागार्जुन नगरपालिकाको स्थानीय उद्योग दर्ता, सञ्चालन, व्यवस्थापन र नियमन सम्बन्धी ऐन, २०८२ | |
| ३. | नागार्जुन नगरपालिकाको सहकारी ऐन, २०७५ | |

निर्णय नं. ८

नागार्जुन नगरपालिकाको न्यायीक समितिमा आ.व. २०८२/०८३ को श्रावण महिना देखि चैत्र २७ गतेसम्म परेका उजुरी तथा फछ्र्यौटका सम्बन्धमा पेश भएको विवरण सहितको प्रतिवेदन माथि छलफल गरी अनुमोदन गर्न नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

नागार्जुन नगरपालिकाको आ.व. २०८२/०८३ मा स्वीकृत वार्षिक योजना तथा कार्यक्रमहरू उपभोक्ता समिति तथा ठेक्का प्रक्रिया मार्फत सञ्चालन भई हालसम्म सम्पन्न भएका आयोजनाहरूको नगरपालिकाबाट गठित अनुगमन समितिबाट अनुगमन भई पेश हुन आएको अनुगमन प्रतिवेदन माथि छलफल गरी अनुमोदन गर्न नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. १०

बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ को दफा २१ तथा अनुसूची ३ मा परिलक्षित बालमैत्री स्थानीय शासनका ५१ वटा सूचकहरु नियमानुसार पुरा गरेको भनि यस नागार्जुन नगरपालिका वडा नं ७ बाट मिति २०८२ चैत्र २३ गते निर्णय तथा पत्र प्राप्त भएकोले बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९ को परिच्छेद ४ बमोजिम वडा नं ७ लाई बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणाका लागि जिल्ला समन्वय समिति काठमाडौंलाई प्रकृयागत अनुगमन गरी सहमती प्रदान गरिदिन सिफारिस सहित अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ११

नगर सभाको तयारीको समयमा कार्यालय समय भन्दा अतिरिक्त साँझ, बिहान तथा बिदाको दिनमा समेत खटिएका पदाधिकारी नगर प्रमुख, उपप्रमुख तथा पदाधिकारी, उच्च कार्य बोझ भएका संलग्न सूची बमोजिमका (सूची बेग्लै रहेको) पदाधिकारी तथा कर्मचारीहरूलाई प्रोत्साहन स्वरूप खाईपाई आएको आधा महिनाको तलब भत्ता बराबर हुने गरी नगर सभा तयारी भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १२

नागार्जुन नगरपालिकाको कार्यालयमा विगत देखि अन्य निकाय, आयोजना तथा कार्यक्रम अन्तर्गत कार्यरत कर्मचारीहरू तपसिलमा उल्लेखित कर्मचारीहरूको नागार्जुन नगरपालिकाबाटै म्याद थप गरी कामकाज लगाउँदै आएकोमा निजहरूलाई नेपाल सरकारले तोकेको महंगी भत्ता उपलब्ध गराउने निर्णय गरियो । तपसिलः

| सि.नं. | नाम, थर | पद | कैफियत |
|---|---|---|---|
| १ | श्री ईश्वरी श्रेष्ठ | रोजगार संयोजक | |
| २ | श्री आस्था शर्मा | पशु सेवा चिकित्सक | |
| ३ | श्री राधिका त्रिपाठी | उद्यम विकास सहजकर्ता | |
| ४ | श्री पुनम घले | उद्यम विकास सहजकर्ता | |

निर्णय नं. १३

नागार्जुन नगरपालिका अन्तर्गत स्वास्थ्य स्वयं सेविकाको रूपमा कार्यरत स्वास्थ्य स्वयं सेविकाहरूको उमेर ६० वर्ष पुरा भए पछि स्वास्थ्य सेवा विभागबाट समेत सम्मान जनक बिदाई गर्ने व्यवस्था रहेको र यस नगरपालिकामा आफ्नो सेवा प्रदान गर्दै ६० वर्ष उमेर पुरा भएका स्वास्थ्य स्वयं सेविकाहरूलाई नगरपालिकाको तर्फबाट प्रति व्यक्ति रकम रू.२,००,०००/- (दुई लाख) का दरले अवकास प्रोत्साहन उपलब्ध गराई सम्मान जनक बिदाई गर्न सम्बन्धित कार्यविधि तर्जुमा गर्ने निर्णय गरियो ।

निर्णय नं. १४

नागार्जुन नगरपालिकाको नवौं नगर सभाबाट स्वीकृत भएको नागार्जुन नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण प्रतिवेदन, २०८१ मा स्वीकृत भएको जम्मा कर्मचारी संख्या ३०६ मा नबढ्ने गरी परिमार्जन गर्ने निर्णय गरियो ।

निर्णय नं. १५

यस नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को लेखा परिक्षणको प्रारम्भिक प्रतिवेदनबाट कायम हुन आएको नियमित गर्ने बेरूजु रकम रू.१,३१,२५,६१७/- (अक्षरूपी एक करोड एकतिस लाख पच्चिस हजार छ सय सत्र रूपैंया) (दफावार सूची बेग्लै रहेको) लेखा समिति तथा नगर कार्यपालिकाको बैठकबाट नियमितको लागि सिफारीस भई आएको तथा कुनै सरकारी हानी नोक्सानी भएको नदेखिएकोले उक्त बेरूजु रकम नियमित गर्न नगर सभामा पेश गर्ने निर्णय गरियो। साथै उल्लेखित रकमलाई सम्परिक्षण गर्नको लागि महालेखा परिक्षकको कार्यालयमा सिफारीस गर्ने निर्णय गरियो।

निर्णय नं. १६

नागार्जुन नगरपालिकामा विगत देखि दैनिक ज्यालादारीमा कार्यरत रहँदै आएका कार्यालय सहयोगीलाई करार सेवामा नियुक्ति गर्नको लागि संगठन तथा व्यवस्थापन सर्भेक्षण प्रतिवेदन, २०८१ मा संशोधन गरी आवश्यक थप प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

निर्णय नं.१७

नागार्जुन नगरपालिकाको शान्ती सुरक्षालाई व्यवस्थित गर्न सार्वजनिक सम्पत्तीको संरक्षण गर्न र कानूनले तोकेका अन्य कार्य गर्नको लागि नगर प्रहरीको संख्या अपुग भएकोले संगठन तथा व्यवस्थापन सर्भेक्षण, २०८१ मा ९ जना रहेकोमा थप ११ जना गरी बढीमा २० जनासम्म नगर प्रहरी करार सेवामा नियुक्ति गर्नको लागि संगठन तथा व्यवस्थापन सर्भेक्षण प्रतिवेदन, २०८१ मा संशोधन गरी आवश्यक थप प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

निर्णय नं. १८

नागार्जुन नगर अस्पतालमा ल्याव र एक्स रे मा कार्यरत कर्मचारीहरूलाई प्रचलित कानूनमा भएको व्यवस्था बमोजिमको जोखिम भत्ता उपलब्ध गराउने र प्राविधिक जनशक्ति कम रहेकोले थप जनशक्ति पदपूर्ति गर्नको लागि संगठन तथा व्यवस्थापन सर्भेक्षण प्रतिवेदन, २०८१ मा संशोधन गरी आवश्यक थप प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

निर्णय नं. १९

नागार्जुन नगरपालिकाको नवौं नगर सभाले स्वीकृत गरेको संगठन तथा व्यवस्थापन सर्भेक्षण प्रतिवेदन, २०८१ लाई आवश्यक परिमार्जन सहित स्वीकृत गरी बागमती प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, हेटौंडामा स्वीकृतार्थ पठाउने निर्णय गरियो ।